गाँउ कार्यपालिकाबाट स्वीकृती मिति २०७५।०२।०२

# सामुदायिक स्वास्थ्य इकाई संचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधि २०७४

**मालिका गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**अर्खावाङ्ग गुल्मी**

# सामुदायिक स्वास्थ्य इकाई संचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधि

२०७४

१. पृष्ठभुमि

मालिका गाउँपालिकाका सम्पुर्ण जनताहरु ग्रामिण क्षेत्रमा बसोबास गर्दछन । उनिहरुले स्वास्थ्य सेवा सर्वसुलभ तरिकाबाट प्रप्त गर्नु उनिहरुको नैसर्गिक अधिकार हो । तर स बै ग्रामिण क्षेत्रहरुमा अहिले सम्म पनि आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुन सके को छैन । जनतालाई सजिलै स्वास्थ्य सेवा पुर्याउने उदेश्यले स्वास्थ्य सेवा नपुगेको क्षेत्रलाई मध्यनजर राखेर त्यस्ता ठाउँहरुमा सामुदायिक स्वास्थ्य इकाई आबस्यकता भएको हो । सामुदायिक स्वास्थ्यइकाइको माध्यमबाट खोप , परिवारनियोजन , पोषण , एकीकृत बालरोग , सुरक्षित मातृत्व , क्षयरोग तथा कुष्ठरोग , औलो , झाडापखाला , आउँ टाइफाइड आदि सरुवा तथा नसर्ने रोगहरुको उपचार तथा रोगथाम गरिने छ |

## परिच्छेद १

### प्रारम्भिक

१ ) संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम सामुदायिक स्वास्थ्य इकाई संचालन तथा ब्यबस्थापन कार्यविधि २०७४ रहेकोछ |

२ ) यो कार्यविधि मालिका गाउँपालिकाबाट पारित भएपछि लागुहुनेछ |

३ ) परिभाषा : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क ) गाउँपालिका भन्नाले मालिका गाउँपालिका लाइ सम्झनु पर्छ |

ख ) वडाकार्यालय भन्नाले मालिका गाउँपालिका भित्रका वडा कार्यालयलाइ सम्झनु पर्छ |

ग ) स्वास्थ्य संस्था भन्नाले मालिका गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्थालाइ सम्झनु पर्छ |

घ ) स्वास्थ्यकर्मी भन्नाले सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मीलाई सम्झानुपर्छ |

ङ) सामुदायिक स्वास्थ्यइकाई भन्नाले च्यानडाडा , कुमालगाउँ र छाप सामुदायिक स्वास्थ्य इकाई लाइ सम्झनुपर्छ |

## परिच्छेद २

## सेवा तथा सुबिधा

- सामुदायिक स्वास्थ्यइकाई बाट सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई रहेको भौगोलिक क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण जनताहरुलाई स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउनेछ |

## परिच्छेद ३

## कर्मचारी व्यवस्था

- मालिका गाउँपालिका अन्तर्गतका सामुदायिक स्वास्थ्य इकाईमा एक जना अ.हे.ब.एक जना अ.न.मी र एक जना कार्यालय सहयोगीको दरबन्दी श्रीजना गरिनेछ |
- कर्मचारीको नियुक्ति सेवा सुबिधाको ब्यबस्था मालिका गाउँपालिकाले गर्नेछ |

## परिच्छेद ४

## सामुदायिक स्वास्थ्य इकाई ब्यबस्थापन समिति गठन

सामुदायिक स्वास्थ्य इकाई ब्यबस्थापन समिति देहाएबमोजिम हुनेछ

| | |
|---|---|
| सामुदायिक स्वास्थ्य इकाई रहेको वडाको वडाध्क्ष्य | संरक्षक |
| सम्बन्धित वडाको वडासदस्य | अध्यक्ष |
| वडाध्यक्षले मनोनित गरेको एकजना | उपाध्यक्ष |
| सम्बन्धीत वडाको महिला स्वास्थ्य स्वयम् सेविका मध्येबाट एक जना | सदस्य |
| संरक्षकले मनोनित गरेको एक जना महिला | सदस्य |
| बजार ब्यबस्थापन को एकजना | सदस्य |
| सम्बन्धित सामुदायिक स्वास्थ्य इकाईको प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५

## औषधि उपकरण , फर्निचर तथा भौतिक ब्यबस्था

- सामुदायिक स्वास्थ्य इकाईको लागि आबस्यकपर्ने औषधि उपकरण फर्निचरतथा अन्य सम्पूर्ण  भौतिक ब्यबस्था मालिका गाउँपालिका गर्नेछ |

## परिच्छेद ६

## अनुगमन तथा मूल्यांकन

- सामुदायिक स्वास्थ्य इकाइको रेखदेख , अनुगमन तथा मूल्यांकन सम्पूर्ण कार्य मालिका गाउँपालिका बाट हुनेछ |

## परिच्छेद ७

## अभिलेख तथा प्रतिबेदन

- सामुदायिक स्वास्थ्य इकाईको अभिलेख सरकारी स्वास्थ्य संस्थाहरुले गर्ने अभिलेख फारामहरुमा गरिनेछ |
- औषधि तथा भौतिक सामाग्रीहरुको अभिलेख सम्बन्धित वडाको  स्वास्थ्य संस्थ्यामा राखिनेछ |
- सामुदायिक स्वास्थ्यइकाईको प्रतिबेदन अर्को ब्यबस्था नभएसम्मको लागि सम्बन्धित वडाको स्वास्थ्य संस्था मार्फत माशिकरुपमा गरिनेछ |

## परिच्छेद ८

## विविध

- परिच्छेद ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि अर्कोबेवस्था नहुदासम्म एकजना अ.हे.ब.र एकजना कार्यालय सहयोगीको नियुक्ति गरि सेवा प्रारम्भ गरिनेछ |